# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, चैत २६ गते २०४८ साल (अतिरिक्ताङ्क ७२

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. ३७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

गाउँ विकास समितिको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : विकेन्द्रीकरणको माध्यमद्वारा स्वायत्त शासन र गाउँ विकासको कार्यक्रममा अधिकाधिक मात्रामा स्थानीय जनताको सहभागिता बढाउन स्थानीय स्तरमै नेतृत्वको विकास गरी तलै देखि बहुदलीय प्रजातन्त्र एवं विकास प्रक्रियालाई संस्थागत गर्न गाउँ विकास समिति गठन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "गाउँ विकास समिति ऐन, २०४८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "गाउँ विकास समिति" भन्नाले यस ऐनको दफा ४ बमोजिम गठित गाउँ विकास समिति सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले गाउँ विकास समितिको अध्यक्ष सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले गाउँ विकास समितिको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले गाउँ विकास समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा उपाध्यक्षलाई समेत जनाउनेछ।



९४१० ९४०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "सचिव" भन्नाले दफा ४० बमोजिम श्री ५ को सरकारले गाउँ विकास समितिको सचिव भई काम गर्न नियुक्त गरेको कर्मचारी सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद - २
## गाउँ विकास समितिको क्षेत्र, वडा विभाजन र गठन

३. गाउँ विकास समितिको क्षेत्र तोक्ने : (१) श्री ५ को सरकारले नेपाल अधिराज्य भित्रको कुनै ग्रामीण इलाकालाई चार किल्ला खोली गाउँ विकास क्षेत्र तोक्न सक्नेछ।

(२) गाउँ विकास क्षेत्र वा वडाको सीमाना हेरफेर गर्न आवश्यक देखेमा श्री ५ को सरकारले सम्बन्धित विशेषज्ञ समेत रहेको आयोग वा समिति गठन गरी सो को सिफारिशमा सीमाना हेरफेर गर्न सक्नेछ।

४. वडा विभाजन : दफा ३ बमोजिम तोकिएको गाउँ विकास क्षेत्रलाई श्री ५ को सरकारले यथासम्भव बराबर जनसंख्या पर्ने गरी नौ वडामा विभाजन गर्न सक्नेछ।

५. गाउँ विकास समितिको गठन : (१) दफा ३ बमोजिम तोकिएको गाउँ विकास क्षेत्रमा गाउँ विकास समितिको गठन गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) गाउँ विकास समितिमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहने छन्ः-

(क) गाउँ विकास क्षेत्र भित्रका १८ वर्ष उमेर पुगेका र सो क्षेत्रमा कम्तिमा एक वर्ष बसोबास गरेका नेपाली नागरिकहरूले निर्वाचन गरी पठाएका एकजना अध्यक्ष र एकजना उपाध्यक्ष, र

(ख) गाउँ विकास क्षेत्रको प्रत्येक वडाका १८ वर्ष उमेर पुगेका र सो वडामा कम्तिमा एक वर्ष बसोबास गरेका नेपाली नागरिकहरूले आ-आफ्नो वडाबाट एक एक जनाको दरले निर्वाचन गरी पठाएका नौ जना सदस्यहरू।

६. <u>गाउँ विकास समिति संगठित संस्था हुने</u> : (१) प्रत्येक गाउँ विकास समिति अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) गाउँ विकास समितिको सबै कामको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) गाउँ विकास समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेच बिखन गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) गाउँ विकास समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

७. सदस्यको पदावधि : (१) गाउँ विकास समितिको सदस्यको पदावधि ५ वर्षको हुनेछ।

(२) गाउँ विकास समितिको सदस्यको पदावधि गणना गर्दा पदावधि शुरू हुने सालको बैशाख १ गतेदेखि गणना गरिनेछ र ५ वर्षको पदावधि नबढाई प्रत्येक पाँचौं वर्षको चैत्र मसान्तमा पदावधि समाप्त भएको मानिनेछ।

(३) कुनै कारणवश निर्धारित समयमा कुनै गाउँ विकास समितिको सदस्य पदको निर्वाचन सम्पन्न हुन नसकी अरू समयमा सम्पन्न भए पनि निर्वाचित सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचित भए सरह सम्भी पदावधिको गणना गरिनेछ।

(४) कुनै गाउँ विकास समितिको सदस्य पद कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उपनिर्वाचनद्वारा गरिनेछ।

तर ६ महीना भन्दा कम अवधिको लागि उपनिर्वाचन गरिने छैन।

८. सदस्यका लागि चाहिने योग्यता : गाउँ विकास समितिको सदस्यमा निर्वाचित हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :-

(क) नेपाली नागरिक भएको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पच्चीस वर्षको उमेर पुगेको,

(ग) गाउँ विकास समितिसंग ठेक्का पट्टा वा चल अचल सम्पत्ति सम्बन्धी व्यवहारमा कुनै निजी स्वार्थ नभएको,

(घ) गाउँ विकास समितिको क्षेत्रमा कम्तिमा एक वर्ष बसोबास गरेको,

(ङ) अन्य प्रचलित कानूनले अयोग्य नभएको, र

(च) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको।

तर असूली भएको प्रमाण पेश गरेमा यो खण्ड लागू हुने छैन।

९. सदस्यता कायम नरहने अवस्था : देहायको अवस्थामा गाउँ विकास समितिको सदस्यता कायम रहने छैनः-

(क) दफा ८ बमोजिमको योग्यता नभएमा,

(ख) जिल्ला विकास समितिको सभापति, उपसभापति, सदस्य, गाउँ विकास समितिको अध्यक्ष र उपाध्यक्षमा निर्वाचित भएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1414

(ग) राजिनामा दिएमा,

(घ) मृत्यु भएमा,

(ङ) आफू निर्वाचित भएको गाउँ विकास समितिको क्षेत्र अन्य गाउँ विकास समितिमा गाभिएमा,

(च) प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्यको निर्वाचनमा उम्मेदवार भएमा वा राष्ट्रिय सभाको सदस्यमा मनोनीत भएमा, वा

(छ) मनासिब माफिकको सूचना नदिई लगातार तीन पटकसम्म गाउँ विकास समितिको बैठकमा उपस्थित नरहेमा।

१०. <u>शपथ</u> : अध्यक्षले जिल्ला न्यायाधीश समक्ष, उपाध्यक्ष तथा सदस्यहरूले अध्यक्ष समक्ष र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष समक्ष र दुवैको अनुपस्थितिमा जिल्ला न्यायाधीश समक्ष शपथ ग्रहण गर्नु पर्नेछ।

११. <u>पद त्याग गर्न सक्ने</u> : अध्यक्षले उपाध्यक्ष मार्फत गाउँ विकास समिति समक्ष र उपाध्यक्ष तथा सदस्यहरूले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४९८

## परिच्छेद - ३
## गाउँ विकास समितिको बैठक र कार्य प्रणाली

१२. गाउँ विकास समितिको बैठक : (१) गाउँ विकास समितिको बैठक कम्तिमा महीनाको एक पटक बस्नेछ।

(२) अध्यक्षको आदेश अनुसार सचिवले गाउँ विकास समितिको बैठक बोलाउनेछ।

(३) गाउँ विकास समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित भएमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) गाउँ विकास समितिको बैठकमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) गाउँ विकास समितिको बैठकको निर्णय सचिवले प्रमाणित गर्नेछ।

(६) गाउँ विकास समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

१३. गाउँ विकास समितिको बैठकको निर्णय : (१) गाउँ विकास समितिको बैठकको निर्णय उपस्थित सदस्यहरूको बहुमतको आधारमा गरिनेछ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



१४९६

(२) गाउँ विकास समितिको बैठकमा मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायात्मक मत दिन सक्नेछ।

## परिच्छेद - ४
## काम, कर्तव्य र अधिकार

१४. गाउँ विकास समितिको काम, कर्तव्य र अधिकारः गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार देहायको क्षेत्रमा देहाय बमोजिम हुनेछ :-

(क) शिक्षा तथा संस्कृति : साक्षरता सम्बन्धी कार्यक्रम, बौद्धिक, सांस्कृतिक तथा धार्मिक र पुरातात्विक महत्वका वस्तु र स्थान, व्यायामशाला, खेलमैदान, पाटी, पौवा, धर्मशाला, गुम्बा, मस्जिद जस्ता धार्मिक स्थलहरूको लगत राखी हेरचाह गर्ने, स्याहार संभार, निर्माण र मर्मत गर्ने, विभिन्न जाती, भाषा, धर्म र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने।

(ख) स्वास्थ्य तथा जनसंख्या : वातावरणीय तथा सफाई कार्यक्रम सञ्चालन गर्ने, संक्रामक रोगबाट बच्न प्रतिरोधात्मक स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने, जनसंख्याको लगत राख्ने, जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना आदि दर्ता गर्ने, मसानघाट, सिनो फ्याँकने ठाउँ आदिको बन्दोवस्त गर्ने, महामारी रोकथाम गर्ने तथा रेविज रोग नियन्त्रण गर्ने व्यवस्था मिलाउने।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९४९०

(ग) कृषि तथा सिंचाई : उन्नत खेती, उन्नत पशुपालन, उन्नत फलफूल खेती, मत्स्य पालन, मौरी पालन, जस्ता आयमूलक व्यवसाय, कृषि व्यवस्था, पशुचरण व्यवस्था, हाटबजार, मेला, पशुवधशाला आदिको सञ्चालन सुव्यवस्था, बाँध, पैनी, कुलो, पोखरी, कुवा आदिको निर्माण, मर्मत सम्भार र पशुरोगको रोकथामको व्यवस्था गर्ने।

(घ) वन वातावरण तथा उर्जा : वातावरण संरक्षण गर्न बृक्षारोपण गर्ने र आफ्नो क्षेत्रका सार्वजनिक रूख बिरुवा बचाउने, गाउँबासीलाई आवश्यक पर्ने वन कार्यालयबाट प्राप्त काठ दाउरा, हांगा, जरा आदि व्यवस्थित रूपले उपलब्ध गराउने व्यवस्था गर्ने खोला नाला, नदीबाट हुने भूक्षय रोक्न लगाउने, गाउँमा आगलागीबाट हुने हानि रोक्न आवश्यक कारवाही गर्ने, स्थानीय रूपमा बांस र निगालो लगाई पैह्रो नियन्त्रण गर्नुको साथै सस्तो घर निर्माण सामग्रीको रूपमा बांस र निगालो उपलब्ध गराउने र गोवर ग्यांस संयन्त्रको स्थापना गराउने।

(ङ) खाने पानी : गाउँमा स्वच्छ खाने पानी तथा गाउँका गाई बस्तुलाई खानेपानीको व्यवस्था गर्ने। पोखरी, इनार, धारा, कुवा, टयांकी आदिको निर्माण, मर्मत र संरक्षण गर्ने।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) यातायात तथा निर्माण : गोरेटो, घोडेटो, कच्ची मोटर बाटो, स-साना पुल, पुलेसा, पार्क, उद्यान आदिको निर्माण, मर्मत संभार र सुरक्षा गर्ने। गाउँ विकास समितिको भवन प्राथमिक विद्यालय भवन तथा सामुदायिक भवनको निर्माण, मर्मत, सुधार र सुरक्षा गर्ने।

(छ) उद्योग तथा पर्यटन : घरेलु तथा साना उद्योगको प्रवर्द्धनमा उत्प्रेरकको काम गर्ने, आवश्यक सुविधाको लागि सिफारिश गर्ने र त्यस्ता कार्यक्रमको संचालन गर्ने।

(ज) समाज कल्याण : बेवारीस मृतक व्यक्तिको दाहसंस्कारको व्यवस्था गर्ने। टुहुरा, असहाय, अनाथहरूलाई अनाथालयको व्यवस्था मिलाउने। महिला तथा बालबालिकाको हित र कल्याण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने। दैवी प्रकोप भएमा जिल्ला विकास समिति र श्री ५ को सरकारको सहयोग लिई उद्धार शिविर सञ्चालन गराउने। लागू पदार्थ, जुवा र अन्य समाजिक अपराध र कुलतहरू रोकथाम गर्ने गराउने। छाडा गाई बस्तुहरूको नियन्त्रण गर्न आवश्यक व्यवस्था मिलाउने। कान्जी हाउस स्थापना गर्ने। राष्ट्रिय तथा स्थानीय चाडपर्व, मेला, जात्रा आदि मनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) विविध : गाउँ विकास समितिको स्वामित्व तथा जिम्माको चल अचल सम्पत्ति संरक्षण गर्ने, गराउने। भिडियो, टेलिभिजनको प्रचलित कानून बमोजिम नवीकरण गर्ने। आम जनताको चरित्रमा प्रतिकूल असर नपर्ने खालका स्वास्थ्य, शिक्षा र मनोरञ्जनको कार्यक्रमहरु सञ्चालन गर्ने गराउने। खाडल, धराप आदि भत्काई पुरी सुरक्षित राख्ने। गाउँ विकास समितिले निर्माण गरेको बाटो, भवन र संरचनाको नामांकन गर्ने, बेवारिशी चल अचल सम्पत्तिको हेरचाह गर्ने, गाउँमा रहेका सार्वजनिक पोखरीको उपयोग गरी आय बढाउने। विकास निर्माणमा जन सहभागिता जुटाउने। वन पैदावार चोरी निकासी रोक्का गर्ने काममा सहयोग गर्ने। गाउँ विकास समितिको विकास योजना, बजेट कार्यक्रम, कर, दस्तूर आदिको प्रस्ताव र ठेक्का स्वीकृत गर्ने। गाउँ विकास समितिको मासिक हिसाव जिल्ला विकास समितिमा पठाउने। आफ्नो क्षेत्र भित्रको सरकारी पर्ती जग्गाको संरक्षण गर्ने। गाउँ विकास समितिमा प्राप्त हुने जिन्सी नगदीको आय व्यय दुरुस्त राख्न लगाई लेखापरीक्षण गराउने। गैर सरकारी संस्था, उपभोक्ता समूह आदि गठन गर्न प्रोत्साहन गर्ने र आवश्यक सहयोग दिने।

१५. सल्लाहकार समिति र वडा समिति गठन गर्ने : (१) गाउँ विकास समितिको कार्यमा सहयोग पु-याउन उपभोक्ता समूहका प्रतिनिधि, गैर


आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारी संस्थाका प्रतिनिधि, गाउँ विकास समितिमा प्रतिनिधित्व हुन नसकेका महिला, बुद्धिजीवी, समाजसेवी र पिछडिएका वर्गबाट भरसक सबै पक्ष मिलाई गाउँ विकास समितिको उपाध्यक्षको परामर्श लिई बढीमा एघार जना सम्मको सल्लाहकार समिति अध्यक्षले गठन गर्नेछ।

(२) प्रत्येक वडामा गाउँ विकास समितिका सदस्यको अध्यक्षतामा निजको सिफारिश बमोजिम सम्बन्धित वडाका मतदाताहरूमध्येबाट वडाको विभिन्न भेगको प्रतिनिधित्व हुनेगरी अध्यक्ष सहितको पाँचजनाको वडा समिति गाउँ विकास समितिले गठन गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गठन भएको सल्लाहकार समिति र वडा समितिका सबै सदस्यहरू समावेश भएको संयुक्त बैठकले गाउँ विकास समितिको सल्लाहकार सभाको रूपमा काम गर्नेछ।

(४) उपदफा (३) बमोजिम गठित सल्लाहकार सभाको बैठक प्रत्येक वर्षको पौष महीनाभित्र दुई पटक अध्यक्षले बोलाउने छ र सभाको सभापतित्व अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(५) उपदफा (४) बमोजिमको बैठकमा बजेट र कार्यक्रम छलफल गराई सभाको राय परामर्श लिइनेछ र त्यसलाई अन्तिम रूप दिने काम गाउँ विकास समितिले गर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
1829

१६. <u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u> : अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाउँ विकास समितिको बैठक बोलाउने।

(ख) आवश्यक प्रस्ताव र कागजात पेश गर्ने, गराउने।

(ग) गाउँ विकास समितिको आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने।

(घ) गाउँ विकास समितिको निर्णय कार्यान्वयन गराउने।

(ङ) गाउँ विकास समितिका कर्मचारीहरूको रेखदेख गर्ने, गराउने।

(च) आवश्यक सिफारिश गर्ने।

(छ) गाउँ विकास समितिका चल अचल सम्पत्ति हेर बिचार गर्ने, गराउने।

(ज) उपाध्यक्ष, सदस्य तथा सचिवलाई काज खटाउने।

(झ) आफू अनुपस्थित रहने भएमा उपाध्यक्ष र उपाध्यक्ष पनि नभएमा कुनै सदस्यलाई कार्यभार दिने।

(ञ) तोकिएका अन्य कार्य गर्ने।

१७. <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u> : उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने।

(ख) तोकिएका अन्य काम गर्ने।

१८. सदस्यको काम, कर्तव्य र अधिकार : (१) सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो क्षेत्रमा विकास निर्माण कार्यको लागि गैर सरकारी संस्था गठन गर्न प्रोत्साहन गर्ने।

(ख) उपभोक्ता समूह र गैर सरकारी संस्थालाई योजना छनौट र योजना तर्जुमामा सहयोग गर्ने।

(ग) विकास निर्माणको कार्य बारेमा छलफल गरी गैर सरकारी संस्थाबाट संभाव्य योजना गाउँ विकास समितिमा पठाउन प्रबन्ध गर्ने।

(घ) वडा सम्बन्धी विवरण माग भएमा गाउँ विकास समितिमा पेश गर्ने।

(ङ) तोकिएका अन्य काम गर्ने।

(२) वडा समितिका सदस्यहरूले गाउँ विकास समितिका सदस्यको कार्यसम्पादनमा सहयोग गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

९८२३

१९. <u>सचिवको काम, कर्तव्य र अधिकार</u> : सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) स्वीकृत गाउँ विकास कार्यक्रम गाउँ विकास समितिका अध्यक्षको निर्देशनमा कार्यान्वयन गर्ने।

(ख) निर्माण कार्यमा हुने खर्चको हिसाब सरलीकृत रूपमा राखी हिसाब फर फारक गराउने।

(ग) गैर सरकारी संस्थाको र अन्य सम्पन्न आयोजनाको अभिलेख दुरुस्त राख्ने।

(घ) आयव्ययको हिसाब राख्ने।

(ङ) गाउँ विकास समितिले पारित गरेको बजेट भित्र रही गाउँ विकास समितिको निर्णय कार्यान्वयन गर्नको लागि खर्च गर्ने।

(च) लेखापरीक्षण गराउने, बेरूजु फछ्र्यौट गराउने र बेरूजु रकम असूल उपर गर्नु पर्ने भए स्थानीय विकास अधिकारी मार्फत प्रमुख जिल्ला अधिकारीकहाँ पठाउने।

(छ) चल अचल सम्पत्तिको जिन्सी लगत राख्ने र संरक्षण गर्ने।

(ज) स्थानीय विकास अधिकारीले दिएको आदेश पालन गर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1824

(झ) गाउँ विकास समितिमा परेका उजूरीहरूमा प्रचलित कानूनको अधीनमा रही छानबीन गरी सो को प्रतिवेदन गाउँ विकास समितिमा पेश गर्ने।

(ञ) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गरी गाउँ विकास समितिको क्षेत्र भित्रको जनसंख्याको लगत दुरुस्त राख्ने।

(ट) तोकिएको अन्य काम गर्ने।

## परिच्छेद - ५
## योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया

२०. गाउँ विकास योजनाको तर्जुमा : (१) प्रत्येक गाउँ विकास समितिले आफ्नो गाउँको विकासको लागि गाउँ विकास योजना तर्जुमा गर्नु पर्नेछ।

(२) गाउँ विकास योजनाको तर्जुमा गर्दा जनतालाई बढी भन्दा बढी फाइदा पु-याउने गरी देहाय बमोजिमको कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछ :-

(क) ग्रामीण जनताको जीवनस्तर, आम्दानी र रोजगार बढाउने तथा प्रत्यक्ष लाभ हुने।

(ख) कृषि उत्पादन बढाउने।

(ग) स्थानीय साधन तथा सीपबाट सञ्चालन हुने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) आफ्नो क्षेत्रका पिछडिएका वर्ग तथा महिला वर्ग र बालबालिकालाई प्रत्यक्ष लाभ हुने।

(३) आगामी वर्ष सञ्चालन हुने योजना चालू वर्षमा देहाय बमोजिम तर्जुमा गरी सक्नु पर्नेछः-

(क) गाउँ स्तरमा उपलब्ध हुने साधन र श्रोतको अनुमान भाद्र मसान्तसम्म गरिसक्नु पर्नेछ।

(ख) आफ्ना क्षेत्रका गैर सरकारी संस्थाबाट आयोजनाहरू माग गरी संकलन गर्नु पर्नेछ।

(४) योजनाहरू आवधिक र वार्षिक गरी तर्जुमा गर्नु पर्नेछ।

२१. <u>आयोजनाको सम्भाव्यता अध्ययन गर्नु पर्ने</u> : गाउँ विकास समितिले गाउँ विकास योजना कार्यान्वयन गर्ने क्रममा देहाय बमोजिमका कुराहरू समेत खुलाई आयोजनाको सम्भाव्यता अध्ययन गर्नु गराउनु पर्नेछ :-

(क) आयोजनाको लक्ष्य,

(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) छनौट गर्न लागिएको आयोजना सो गाउँमा पहिले सञ्चालन भई अधुरो रहेको हो होइन,

(घ) आयोजना सञ्चालन नगरी अन्य कुनै उपायबाट समस्या समाधान हुन्छ, हुँदैन,

(ङ) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च तथा सामग्रीको मूल्यको अनुमान,

(च) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, बस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(छ) उपभोक्ताबाट पछि उठ्न सक्ने शुल्क वा मर्मत सम्भार खर्च, र

(ज) अन्य खुलाउनु पर्ने कुनै कुरा भए सो।

२२. <u>आयोजनाको छनौट</u> : (१) आयोजनाको छनौट गर्दा दफा २१ बमोजिमको आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा छनौट गर्नु पर्नेछ।

(२) आयोजना छनौट गर्दा वातावरण संरक्षण तथा सम्बर्द्धन गर्ने किसिमले आयोजनाको छनौट गर्नु पर्नेछ।

(३) आयोजना छनौट गर्दा बढी से बढी स्थानीय बासिन्दाहरूको सहभागिता र श्रम आवश्यक पर्ने आयोजनाहरू छनौट गर्नु पर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१४२८

(४) जिल्ला विकास समितिबाट प्राप्त हुन सक्ने अनुदानको अनुमान प्राप्त भएपछि प्राथमिकताको आधारमा आयोजना छनौट गर्नु पर्नेछ।

(५) छनौट भएका आयोजनाको जानकारी गाउँवासीहरूलाई गराउनु पर्नेछ।

२३. <u>गाउँस्तरीय योजनाको सञ्चालन</u> : (१) गाउँस्तरीय योजनाहरू देहाय बमोजिम सञ्चालन हुनेछन्:-

(क) गाउँ विकास समितिको आफ्नै श्रोतबाट,

(ख) जिल्ला विकास समितिको अनुदानबाट, र

(ग) गैर सरकारी संस्थाबाट।

(२) गाउँ विकास समितिले आयोजना छनौट गरेपछि सञ्चालन तालिका बनाई कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

(३) गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रम गाउँ विकास समितिसित सम्झौता गरी सञ्चालन गराउनु पर्नेछ।

(४) जिल्ला विकास योजनामा समावेश गर्ने आयोजनाहरू गाउँ विकास समितिले पारित गरी जिल्ला विकास समितिमा पठाउनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) जिल्ला विकास समितिको अनुदानबाट सञ्चालित आयोजना जिल्ला विकास बजेट पारित भएपछि सञ्चालन हुनेछन्।

(६) गाउँ विकास समितिले सञ्चालन गर्ने कार्यक्रममा गैर सरकारी संस्थाहरूको लगानी समेत हुने अवस्थामा सोही संस्थाले आयोजना सञ्चालन गर्न सक्नेछ।

२४. <u>आयोजनाको वर्गीकरण</u> : आयोजनालाई देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछ :-

(क) स्थानीय श्रोतबाट सञ्चालन हुने आयोजना,

(ख) जिल्ला विकास समितिको अनुदान र श्रोत साधन समेत समावेश भएको आयोजना,

(ग) गैर सरकारी संस्थाबाट संचालन हुने आयोजना,

(घ) जिल्लास्तरीय योजनामा समावेश हुने गरी छानिएका आयोजना।

२५. <u>निर्देशन पालन गर्नु पर्ने</u> : गाउँ विकास समितिले गाउँ विकास योजना तर्जुमा र सञ्चालन गर्ने सम्बन्धमा राष्ट्रिय योजना आयोग र जिल्ला विकास समितिले समय समयमा दिएको निर्देशन पालन गर्नु पर्नेछ।

२६. <u>गैर सरकारी संस्थालाई प्रोत्साहित गर्नु पर्ने</u> : (१) प्रत्येक गाउँ विकास क्षेत्र भित्र गाउँ विकास कार्यक्रमको पहिचान, तर्जुमा, सञ्चालन, रेखदेख,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9825

मूल्यांकन तथा मर्मत सम्भार गर्ने कार्यको लागि गाउँ विकास समितिले गैर सरकारी संस्थाहरूलाई प्रोत्साहित गर्नु पर्नेछ।

(२) गैर सरकारी संस्थाबाट सञ्चालन हुने आयोजनाहरू आफ्नै श्रोत र गाउँ विकास समिति तथा जिल्ला विकास समितिबाट प्राप्त श्रोतबाट सञ्चालन हुनेछन्।

(३) सम्बन्धित संस्थाले आयोजना सम्बन्धी पूर्ण विवरण गाउँ विकास समितिमा पेश गर्नु पर्नेछ।

(४) गैर सरकारी संस्थाले आयोजना सञ्चालन गर्दा गाउँ विकास समितिसंग समन्वय राखी गर्नु पर्नेछ।

(५) गाउँ विकास समितिले गैर सरकारी संस्था मार्फत योजनाहरू कार्यान्वयन र सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद - ६
## आयोजना जाँचपास र फरफारक

२७. जाँचपास तथा फरफारक : (१) आयोजना सम्पन्न भएपछि जाँचपास र फरफारक गर्नु गराउनु पर्नेछ।

(२) आयोजना सञ्चालन गर्ने निकायबाट आयोजना सम्पन्न भएको जानकारी गाउँ विकास समितिमा प्राप्त भएपछि प्राविधिकले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन र मूल्यांकनको आधारमा गाउँ विकास समितिले जाँचपास र फरफारक गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1420

(३) उपदफा (२) को प्रयोजनको लागि आवश्यक हुने प्राविधिक सहयोग जिल्ला विकास समितिले उपलब्ध गराउनु पर्नेछ।

(४) गाउँ विकास समितिले सम्पन्न गरेको आयोजना सम्बन्धमा जिल्ला विकास समितिलाई जानकारी गराउनु पर्नेछ र जिल्ला विकास समितिले यस्तो आयोजनाको प्राविधिक जाँच र मूल्यांकन गराई सो को प्रतिवेदनको आधारमा सो आयोजनाको जाँचपास र फरफारक गर्नेछ।

२८. जाँचपास भएका आयोजनाको मर्मत सम्भार र व्यवस्थापन : (१) गाउँ विकास समितिले आयोजना सम्पन्न भएपछि आयोजनाको मर्मत सम्भारका लागि आयोजनाबाट सेवा प्राप्त गर्नेहरु मध्येबाट सेवा शुल्क संकलन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा शुल्कबाट उठेको रकमबाट आयोजनाको मर्मत सम्भार र व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको आम्दानी खर्चको विवरण गाउँ विकास समितिले अद्यावधिक गरी राख्नु पर्नेछ।

## परिच्छेद - ७
## आर्थिक व्यवस्था

२९. गाउँ विकास समितिको कोष : (१) गाउँ विकास समितिको एउटा कोष रहनेछ।

(२)उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9829

(क) श्री ५ को सरकार वा जिल्ला विकास समितिबाट तोकिए बमोजिम प्राप्त नगद तथा वस्तुगत अनुदानको रकम,

(ख) गाउँ विकास समितिको सम्पत्ति बिक्री गरी वा भाडाबाट आर्जन भएको रकम,

(ग) गाउँ विकास समिति अन्तरगत रहेको सरकारी पर्ती जग्गाको माटो बिक्रीबाट प्राप्त रकम,

(घ) सार्वजनिक खोला नालाको पानी सार्वजनिक प्रयोग बाहेक अन्य प्रयोग भएमा सोबाट प्राप्त रकम,

(ङ) सार्वजनिक पोखरी वा बगैंचाको उत्पादनको बिक्रीबाट प्राप्त रकम,

(च) सार्वजनिक ट्यूवेल, ईनार तथा धाराको प्रयोग वापतको सेवा शुल्कको रकम,

(छ) सार्वजनिक टेलिफोन सुविधा शुल्कको रकम,

(ज) रेडियो, टेलिभिजन अन्य उपकरण नवीकरण दस्तूरको रकम,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

१४२२

(झ) चन्दा, दान, सहायता वा उपहारबाट प्राप्त रकम,

(ञ) आफ्नो इलाकाको वन पैदावार मध्ये वन शाखाले कटानी गरी दिएको हांगा, भिंजा, जरा जुरी आदिको बिक्रीबाट प्राप्त रकम,

(ट) आफ्नो क्षेत्र भित्रको वन पैदावार चोरी निकासी रोक्ने काममा सहयोग पु-याए बापत पाउने रकम,

(ठ) गाउँ विकास समितिले सञ्चालन गरेको आयमूलक कार्यक्रमको आम्दानी,

(ड) जिल्ला विकास समितिको अनुमति लिई गाउँ विकास समितिको चल अचल सम्पत्ति धितो राखी कुनै संघ संस्थाबाट लिएको ऋण सापटी रकम,

(ढ) हाट बजारबाट उठेको रकम,

(ण) दस्तूर, दण्ड जरीवाना, बक्सौनी दस्तूरबाट उठेको रकम,

(त) गाउँ विकास समितिको सांवाबाट आर्जन भएको ब्याज तथा बोंनस रकम,

(थ) घर धुरी कर,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



१४२२

(द) खर, घांस आदिको बिक्रीबाट उठेको रकम,

(ध) श्री ५ को सरकारले तोकिदिएको वा अन्य प्रचलित कानूनबाट प्राप्त अख्तियारीबाट आय हुन आउने रकम।

(३) गाउँ विकास समितिको कोषमा जम्मा रहेको रकम नजिकको बैंकमा राखिनेछ।

३०. <u>गाउँ विकास समितिको कोषको रकम खर्च गर्ने तरीका</u> : (१) गाउँ विकास समितिको कोषको सञ्चालन अध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट हुनेछ।

(२) अध्यक्षले स्वीकृत बजेटको परिधिभित्र रही आर्थिक सहायतामा तोकिए बमोजिमको रकम खर्च गर्न सक्नेछ।

(३) सचिवले गाउँ विकास समितिले पारित गरेको बजेटको अधीनमा रही गाउँ विकास समितिको निर्णय कार्यान्वयन गर्न रकम खर्च गर्न सक्नेछ।

(४) गाउँ विकास समितिको कोषको रकम खर्च गर्दा गाउँ विकास समितिले पारित गरेको बजेटको अधीनमा रही प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ।

(५) गाउँ विकास समितिको कोषबाट खर्च गरेको रकमको फाँटवारी गाउँ विकास समितिको बैठकमा पेश गर्नु पर्नेछ र गाउँ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकास समितिले आफ्नो आय व्ययको जानकारी सार्वजनिक रूपमा वडा वडामा गराउनु पर्नेछ।

३१. गाउँ विकास समितिले लगाउन पाउने कर, दस्तुर : (१) गाउँ विकास समितिले आफ्नो क्षेत्रमा देहाय बमोजिम कर, दस्तुर, महशूल वा शुल्क लगाउन सक्नेछ :-

(क) मवेशी तथा नियमित हाटबजार, मेला, जात्रा आदिमा थापेको पसल वापत,

(ख) रिक्सा, टांगा, ठेला आदिको दर्ता र नवीकरण गर्दा,

(ग) बहाल, बिटौरी आदि।

(२) नेपाल अधिराज्य भित्र प्रवेश गरेको तोकिएको सवारीमा प्रत्येक दिन उक्त सवारी सबभन्दा पहिले विदेशबाट जुन गाउँ विकास क्षेत्र भित्र प्रवेश गर्छ सो गाउँ विकास समितिले तोकिए बमोजिम कर लगाउन सक्नेछ र एक गाउँ विकास क्षेत्र भित्र कर तिरेपछि अन्यत्र पुनः त्यस्तो कर लाग्ने छैन।

३२. निर्माण तथा अन्य ठेक्का पट्टा स्वीकृतिको व्यवस्था : (१) गाउँ विकास समितिले निर्माण कार्य गराउंदा देहाय बमोजिम गर्नु गराउनु पर्नेछ :-

(क) ठेक्का पट्टा तथा अन्य कारोबार प्रचलित कानून बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४२२

(ख) गाउँस्तरीय योजनाको हिसाब किताब सम्बन्धित निकायहरूले राख्नु पर्नेछ।

(२) गाउँ विकास समितिले आफैं वा गैर सरकारी संस्था मार्फत विकास निर्माणका कार्यहरु तोकिए बमोजिम उपभोक्ता समूह, ठेक्का वा अमानतबाट गराउन सक्नेछ।

(३) गाउँ विकास समितिबाट गरिने ठेक्का पट्टाको लिखतमा अध्यक्ष र सचिवको संयुक्त दस्तखत हुनु पर्नेछ।

३३. रकमान्तर : गाउँ विकास समितिबाट स्वीकृत वार्षिक बजेटको शीर्षकको दश प्रतिशतमा नबढाई अध्यक्षले रकमान्तर गर्न सक्नेछ।

तर भैपरी आउने र आर्थिक सहायतामा भने रकमान्तर हुने छैन।

३४. लिलाम बिक्री गर्दा स्वीकृति लिनु पर्ने : (१) गाउँ विकास समितिको सरसामान वा सम्पत्ति लिलाम बिक्री गर्दा देहाय बमोजिम स्वीकृति लिनु पर्नेछः-

(क) परल मोल पाँच हजारसम्मको वस्तु लिलाम गर्दा गाउँ विकास समितिको अध्यक्षको, र

(ख) सो भन्दा बढी मूल्यको वस्तु लिलाम गर्दा गाउँ विकास समितिको।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) लिलाम बिक्रीको प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ।

३५. <u>बजेटको बांकी रकम</u> : एक आर्थिक वर्षमा खर्च हुन नसकी बांकी रहेको बजेटको रकम चालू वर्षमा अधूरा रहेका आयोजना र कार्यक्रम सञ्चालन गर्नको लागि आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्नु पर्नेछ।

३६. <u>श्रेस्ता राख्ने</u> : (१) गाउँ विकास समितिले आम्दानीको प्रत्येक श्रेस्ता देखाई आफ्नो आय र खर्चको विवरण सरकारी खर्चको शीर्षक अनुसार राख्नु पर्नेछ।

(२) गाउँ विकास समितिले प्रचलित कानून अनुसारको श्रेस्ता राख्नु पर्नेछ।

३७. <u>बैठक भत्ता</u> : गाउँ विकास समितिको आफ्नो श्रोतबाट भएको आम्दानीबाट गाउँ विकास समितिको बैठकमा भाग लिए वापत सदस्यहरुलाई तोकिए बमोजिमको बैठक भत्ता दिन सक्नेछ।

३८. <u>गाउँ विकास समितिको सम्पत्ति</u> : (१) गाउँ विकास समितिको क्षेत्र भित्रको देहायका सम्पत्ति उपर गाउँ विकास समितिको पूरा हक हुनेछ र त्यस्तो सम्पत्तिको रेखदेख तथा प्रबन्ध गाउँ विकास समितिले गर्नु पर्नेछ :-

(क) गाउँ विकास समितिको कोषबाट बनेको, खरीद भएको, श्री ५ को सरकार वा कुनै व्यक्तिले दिएको सम्पत्ति।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै व्यक्ति विशेषको निजी हक नभएको र श्री ५ को सरकार वा जिल्ला विकास समितिको नियन्त्रणमा नरहेको सार्वजनिक ढल, नाला, पुल, पोखरी, देवालय, शिवालय, पाटी, पौवा कूवा, धारा, ईनार, गोचर, पानीघाट, निकास र बाटो।

(ग) बढीमा ५२ रोपनी वा ४ विघासम्म कसैको हक भोग नभएको पर्ती जग्गा।

(घ) प्रचलित वन सम्बन्धित कानून वा श्री ५ को सरकारले दिएको वन।

तर त्यस्तो वनको सम्बन्धमा प्रचलित वन ऐनद्वारा प्रदत्त अधिकार मात्र प्राप्त हुनेछ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति गाउँ विकास समितिले श्री ५ को सरकारको स्वीकृति बिना बेच बिखन गर्न वा अरू कुनै व्यहोराले हकभोग छोड्न पाउने छैन। स्वीकृति बिना बेच बिखन गरेमा वा हक छाडी कसैलाई दिएमा जुनसुकै अवस्थामा पनि स्वतः बदर हुनेछ।

३९. <u>लेखापरीक्षण</u> : गाउँ विकास समितिको आय व्ययको आन्तरिक लेखापरीक्षण गाउँ विकास समितिले तोकेको व्यक्तिले गर्नेछ। अन्तिम लेखा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परीक्षण भने जिल्ला विकास समितिले नियुक्त गरेको दर्तावाला लेखापरीक्षकबाट गरिनेछ।

## परिच्छेद - ८
## प्रशासन तथा कर्मचारी व्यवस्था

४०. सचिवको नियुक्ति : गाउँ विकास समितिको सचिवको नियुक्ति श्री ५ को सरकारबाट हुनेछ।

४१. प्रशासनिक नियन्त्रण : (१) सचिव र गाउँ विकास समितिमा खटिएका अन्य कर्मचारी गाउँ विकास समितिको नियन्त्रणमा रहनेछन्।

(२) गाउँ विकास समितिको काममा खटिएको कर्मचारीले राम्रो काम गरेमा निजलाई प्रोत्साहि पुरस्कार दिन र नराम्रो काम गरेमा कारवाहीको लागि गाउँ विकास समितिले सम्बन्धित निकायमा सिफारिश गर्न सक्नेछ।

४२. कर्मचारीको दरबन्दी र नियुक्ति : (१) गाउँ विकास समितिको कार्य बोझलाई बिचार गरी गाउँ विकास समितिको आन्तरिक श्रोतबाट पारिश्रमिक पाउने गरी गाउँ विकास समितिले निर्णय गरी कर्मचारी नियुक्त गर्न सक्नेछ।

(२) गाउँ विकास समितिको आन्तरिक श्रोतबाट तलब खाने कर्मचारीहरुलाई तोकिएको सुविधा दिनको लागि आन्तरिक श्रोतबाट उठेको वार्षिक आयबाट तोकिए बमोजिमको प्रतिशत रकम रहने गरी अक्षय कोष खडा गरी जम्मा गर्दै जानु पर्नेछ।

(३) श्री ५ को सरकारले गाउँ विकास समितिमा श्री ५ को सरकारबाट नियुक्त


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारीका लागि तलब भत्ताको रकम जिल्ला विकास समितिमा पठाउने छ।

४३. गाउँ विकास समितिको कर्मचारीको सेवा, सुविधा र नियन्त्रण : गाउँ विकास समितिले भर्ना गरेका कर्मचारीहरू उपर नियन्त्रण र कारवाही तोकिए बमोजिम सचिव मार्फत गाउँ विकास समितिले गर्नेछ।

परिच्छेद - ९

## उजुरी तथा मिलापत्र सम्बन्धी न्यायिक अधिकार

४४. उजुरी हेर्ने अधिकार : गाउँ विकास क्षेत्र भित्रका देहायको विषयका उजुरीहरू गाउँ विकास समितिमा दायर हुन सक्नेछन्:-

(क) बाटो वा निकास मिचेको,

(ख) आली धूर वा सांध सीमाना बारे,

(ग) ज्याला मजुरी र बाली अर्मल बारे,

(घ) पानी घाटको प्रयोग तथा सार्वजनिक सम्पत्तिको सुरक्षा बारे,

(ङ) बाँध, पैनी, कूलो वा पानीको बाँडफाँड बारे,

(च) साना तिना लेनदेन झै झगडा बारे,

(छ) चरन, घाँस, दाउरा बारे।

महुवा विकास ...



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४४८

४५. मिलापत्र : (१) दफा ४४ बमोजिम गाउँ विकास समितिमा कुनै उजूरी परेमा गाउँ विकास समितिले पक्ष विपक्ष झिकाई छलफल गरी सम्झाई बुझाई मिलापत्र गराउनु पर्नेछ। मिलापत्र हुन नसकेमा गाउँ विकास समितिले सोही व्यहोरा खोली उजूरी परेको तीन महीना भित्र अदालतमा नालिस गर्न जानु भनी सम्बन्धित पक्षलाई सुनाउनु पर्नेछ।

(२) गाउँ विकास समितिले मिलापत्र गराउँदा प्रचलित कानूनमा तोकिए बमोजिमको बकसौनी दस्तूर लिन सक्नेछ।

(३) मिलापत्र सम्बन्धी कारवाही तोकिए बमोजिम हुनेछ।

४६. मिसिल कागजात सचिवको जिम्मा रहने : गाउँ विकास समितिमा परेका उजूरी सम्बन्धी फायल कागजात सचिवको जिम्मामा रहनेछ।

४७. मुद्दा सर्ने : गाउँ विकास समिति ऐन, २०४७ बमोजिम गठित गाउँ विकास समिति समक्ष रहेको मुद्दा वा उजूरीहरू यस ऐन बमोजिम गठित गाउँ विकास समितिमा सर्नेछन्।

## परिच्छेद - १०
## श्री ५ को सरकार र जिल्ला विकास समितिको अधिकार

४८. निर्देशन दिन सक्ने : (१) गाउँ विकास समितिलाई देहाय बमोजिम गर्न श्री ५ को सरकारले निर्देशन दिन सक्नेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४४९

(क) सार्वजनिक हितको लागि ठेक्का पट्टा, कर, दस्तूर, महशूल, शुल्क हटाउन, घटाउन र तोड्न।

(ख) गाउँ विकास समितिको कार्य तथा जिन्सी श्रेस्ता निरीक्षण गराउन।

(२) जिल्ला विकास समितिले गाउँ विकास समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) श्री ५ को सरकार र जिल्ला विकास समितिको निर्देशन पालन गर्नु सम्बन्धित गाउँ विकास समितिको कर्तव्य हुनेछ।

४९. छानबीन गर्न सक्ने : (१) कुनै गाउँ विकास समितिको रकम दुरुपयोग हिनामिना वा भ्रष्टाचार भएमा वा सार्वजनिक चासोको विषयमा श्री ५ को सरकारले छानबीन गर्न आवश्यक देखेमा जिल्ला विकास समिति मार्फत छानबीन टोली पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको छानबीन टोलीले पेश गरेको प्रतिवेदनका आधारमा श्री ५ को सरकारले आवश्यक कारवाही गर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा पर्ने छैन।

५०. निलम्बन र भंग गर्न सक्ने : (१) कुनै गाउँ विकास समितिले देहायको कुनै काम कारवाही

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



१४४२

गरेको छ भन्ने श्री ५ को सरकारलाई लागेमा सो उल्लेख गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो गाउँ विकास समितिलाई निलम्बन गर्न सक्नेछः-

(क) नेपाल अधिराज्यको संविधान, २०४७ विपरीत हुने काम कारवाही गरेमा।

(ख) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रियता र साम्प्रदायिक सद्भावनामा आंच आउने कुनै कारवाही गरेमा।

(ग) अधिकारको दुरूपयोग गरेमा।

(घ) गाउँ विकास समितिको सम्पत्ति वा आय हिना मिना गरी भ्रष्टाचार गरेको ठहर भएमा।

(२) उपदफा (१) बमोजिम कुनै गाउँ विकास समितिलाई निलम्बन गर्नु अघि विशेष गम्भीर परिस्थितिमा बाहेक त्यसरी निलम्बन नगर्नु पर्ने कारण भए सो प्रस्तुत गर्ने मौकाबाट गाउँ विकास समितिलाई बन्चित गरिने छैन।

(३) उपदफा (१) बमोजिम निलम्बन गरेकोमा गाउँ विकास समितिले गर्ने काम कारवाही गर्ने गरी श्री ५ को सरकारले अधिकारी तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम निलम्बन भएको गाउँ विकास समितिको सम्बन्धमा तीन महीना भित्र तोकिए बमोजिम छानबीन गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारवाही किनारा लगाई सक्नु पर्नेछ। सो म्याद भित्र कारवाही किनारा नभएमा त्यस्तो निलम्बन स्वतः निष्कृय हुनेछ।

(५) उपदफा (४) बमोजिम छानबीन गर्दा पर्याप्त कारणहरू भएमा त्यस्तो गाउँ विकास समितिलाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी भङ्ग गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम कुनै गाउँ विकास समितिलाई भङ्ग गरिएमा त्यसको कारण सहितको विवरण संसदको दुबै सदनमा पेश गर्नु पर्नेछ।

(७) उपदफा (५) बमोजिम भङ्ग भएको गाउँ विकास समितिका सदस्यहरूको निर्वाचन भङ्ग भएको मितिले एक वर्ष भित्र गरी सक्नु पर्नेछ। निर्वाचन नभएसम्मलाई त्यस्तो गाउँ विकास समितिले गर्ने काम कारवाही गर्ने गराउने व्यवस्था श्री ५ को सरकारले गर्नेछ।

५१. <u>म्याद थप गर्न सक्ने</u> : विशेष परिस्थितिबस गाउँ विकास समितिको सदस्यहरूको समयमा निर्वाचन हुन नसकेमा श्री ५ को सरकारले बढीमा एक वर्षको लागि म्याद थप गरी वा अन्य तवरबाट कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

५२. <u>पारिश्रमिक तोक्ने</u> : श्री ५ को सरकारले गाउँ विकास समितिको अध्यक्ष र उपाध्यक्षको पारिश्रमिक तोक्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१४४४

## परिच्छेद - ११

## दण्ड सजाय

५३. **गाउँ विकास समितिले सजाय गर्न सक्ने** : (१) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, विनियम वा आदेश बर्खिलाप गरी कसैले कुनै काम गरेमा यस ऐनमा अन्यत्र दण्ड सजाय तोकेकोमा सोही बमोजिम र नतोकिएकोमा रु.५००।- (पाँचसय) सम्म गाउँ विकास समितिको निर्णयले जरिवाना हुन सक्नेछ। अघि यस्तो जरीवाना भईसकेको भए पटकै पिच्छे दोब्बर जरीवाना हुनेछ।

(२) गाउँ विकास क्षेत्र भित्र रहेका सार्वजनिक सम्पत्ति हेरफेर गरेमा, हटाएमा वा रूप परिवर्तन गरेमा प्रचलित कानूनले सजाय तोकेकोमा सोही बमोजिम र अन्यथा उपदफा (१) बमोजिम जरिवाना हुनेछ र त्यस्तोमा भएको हानी नोक्सानी गाउँ विकास समितिले सम्बन्धित व्यक्तिसित असूल उपर गराउने वा साविक अवस्थामा तयार गर्न लगाउनेछ।

## परिच्छेद - १२

## विविध

५४. **अधिकार सुम्पन सक्ने** : (१) श्री ५ को सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै समिति संस्था वा पदाधिकारीलाई सुम्पन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरेको अधिकार जुनसुकै बखत श्री ५ को सरकारले फिर्ता लिन सक्नेछ।

५५. <u>सरकारी बांकी सरह असूल उपर हुने</u> : गाउँ विकास समितिले ठेकेको वा लगाएको कर, दस्तूर, शुल्क तथा असूल गर्न बांकी अन्य रकम कुनै व्यक्तिले नबुझाएमा सरकारी बांकी सरह जिल्ला प्रशासन कार्यालयले असूल उपर गरी दिनु पर्नेछ।

५६. <u>गाउँ विकास समितिले सिफारीश गर्न सक्ने</u> : गाउँ विकास समितिले स्थानीय वासिन्दाको हितको लागि जुनसुकै विषयमा श्री ५ को सरकार र जिल्ला विकास समितिमा सिफारिश गर्न सक्नेछ।

५७. <u>रकम कलम उठाई दिने</u> : गाउँ विकास समितिले कसैको रकम कलम उठाई दिएमा उठेको रकमबाट तोकिए बमोजिम सेवा शुल्क लिन सक्नेछ।

५८. <u>गाउँ विकास समितिले रकम लिन पाउने</u> : वन पैदावार चोरी निकासी तथा अवैध कटान रोक्ने काममा सहयोग गरे वापत त्यस्तो चोरी निकासी हुन लागेको वन पैदावारको बिक्रीबाट प्राप्त रकम गाउँ विकास समितिले पाउनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५९. नियम तथा विनियम बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यकता अनुसार नियम बनाउन सक्नेछ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही गाउँ विकास समितिले आफ्नो कार्य सञ्चालन गर्न विनियम बनाउन सक्नेछ। यस्तो विनियम जिल्ला विकास समितिबाट स्वीकृत भएपछि लागू हुनेछ।

६०. सम्पत्ति र दायित्व सर्ने : यो ऐन प्रारम्भ भएपछि गाउँ विकास समिति ऐन, २०४७ बमोजिम गठित गाउँ विकास समितिको सम्पत्ति र दायित्व यस ऐन बमोजिम गठित गाउँ विकास समितिमा सर्नेछ।

६१. काम कारवाही सदर मानिने : यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ विकास समितिको गठनमा कुनै त्रुटी वा कुनै सदस्यको स्थान रिक्त भई काम कारवाही भएको रहेछ भने त्यस्तो कारणले मात्र गाउँ विकास समितिको काम कारवाही बदर हुने छैन।

६२. खारेजी : गाउँ विकास समिति ऐन, २०४७ खारेज गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १५४८

६३. <u>रूपान्तर</u> : प्रचलित कानूनमा प्रयोग भएका "गाउँ सभा" वा "गाउँ पंचायत" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति" भन्ने शब्दहरू राखिएका छन्।

लालमोहर सदर मिति :– २०४८।१२।२६।४

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।